जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ८२ पृष्ठः ४ | २०८३ साउन ०३ आइतबार (Saturday 19 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## चार दिनदेखि सडक अवरुद्ध



**जीवछ यादव**

लहान, २ साउन। लहान नगरपालिका-४ मा सडक र नाला निर्माण तथा नियमित सरसफाइको माग गर्दै स्थानीयवासीले चार दिनदेखि मुख्य सडक अवरुद्ध गरेका छन्। सडक अवरुद्ध हुँदा उक्त मार्ग प्रयोग गर्ने सर्वसाधारणले आवतजावतमा सास्ती खेप्नुपरेको छ। पूर्व-पश्चिम राजमार्गसँग जोडिएको लहानस्थित गोधुली होटलदेखि वडा नं. ६ को सीमास्थित रामजानकी मन्दिरसम्मको मुख्य सडकमा कालोपत्रे, नाला निर्माण र नियमित सरसफाइको माग पटक-पटक गर्दा पनि नगरपालिकाले बेवास्ता गरेको भन्दै स्थानीयले सडक अवरुद्ध गरेको बताएका छन्।

स्थानीयले ७२ घण्टादेखि बाँसको बार र टाटी राखेर सडक बन्द गरे पनि नगरपालिकाबाट कुनै पहल नभएको उनीहरूको गुनासो छ। त्यसपछि सिरहा-१ का प्रतिनिधिसभा सदस्य बब्लु गुप्ताको पहलमा बिहीबार जेसीबी परिचालन गरी सडकमा जमेको पानी निकास गर्ने र ग्राभेल हाल्ने काम सुरु गरिएको थियो। लहान नगरपालिका-७ का वडाध्यक्ष तथा सरसफाइ संयोजक रामऔतार शर्माले स्थानीयसँग छलफल गरी ग्राभेल हाल्ने काम सुरु गरिए पनि सडक अझै सञ्चालनमा नआएको बताउनुभयो।

लहान नगरपालिका-४ का वडाध्यक्ष रामनाथ पण्डितका अनुसार पाँच वर्षअघि करिब दुई करोड ५० लाख रुपियाँको लागतमा सडक तथा नाला निर्माणका लागि ठेक्का प्रक्रिया सम्पन्न भएको थियो। तर अन्तिम समयमा ठेकेदार मन्टुन चौधरीले काम नगरेपछि स्थानीय आक्रोशित बनेका हुन्। सडक र नाला निर्माणको सुनिश्चितता नभएसम्म सडक नखोल्ने अडान स्थानीयले लिएका छन्।

वडा सदस्य हरिदेव मण्डल स्वयं आन्दोलनको नेतृत्व गरिरहनुभएको छ। उहाँले भन्नुभयो, "सडकमा जमेको पानी हटाई खाल्डाखुल्डीमा तत्काल ग्राभेल हाल्नुपर्छ, नालाको सरसफाइ हुनुपर्छ र नालासहितको

-बाँकी तीन पेजमा

## अठार वर्षपछि कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

लहान, २ साउन। विवाहमा पर्याप्त दाइजो नल्याएको भन्दै कुटपिटसँगै धारिलो हतियार प्रहार गरी श्रीमतीको हत्या गरेको घटनामा संलग्न फरार प्रतिवादीलाई प्रहरीले १८ वर्षपछि पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सिरहाको दक्षिणी सीमावर्ती बरियारपट्टि गाउँपालिका ५ जिभौल गाउँका करिब ६० वर्षीय रामनाथ रायलाई शुक्रबार पक्राउ गरिएको हो।

रायलाई उनको आफ्नै घरमा लुकीछिपी बसिरहेको अवस्थामा पक्राउ गरी जिल्ला प्रहरीबाट थप अनुसन्धान भइरहेको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। उनका अनुसार ३ भदौ २०६५ बिहान करिब ९ बजेतिर बौधा रायकी श्रीमती करिब २५ वर्षीया चन्द्रिकादेवी रायलाई बौधासहित तीन जनाले कुटपिटसँगै धारिलो हतियार प्रहार गरी गम्भिर घाइते बनाएपछि उपचारको क्रममा मृत्यु भएको थियो।

घाइते रायलाई तत्काल भारत बिहार राज्यको पटनामा उपचारपछि पुनः घर ल्याएर १६ दिनपछि थप उपचारका लागि धरानस्थित विपीकोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानतर्फ लैजाँदै गर्दा १९ भदौको राती बाटोमै मृत्यु भएको प्रहीले जनाएको छ।

## भन्सार छलीका १५ लाख रुपैयाँ बढीका सामान बरामद

**मणिलाल विश्वकर्मा**

लहान, २ साउन। गस्तीमा खटिएको सशस्त्र प्रहरी बलको टोलीले नेपाल भारत सीमा जोडिएका जिल्लाका विभिन्न ठाउँबाट १५ लाख रुपैयाँ बढीका अवैध सामान बरामद गरेको छ। सशस्त्र प्रहरी बल नेपाल नं.७ गण हेडक्वाटर सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाका अनुसार गस्तीमा रहेका सशस्त्र प्रहरीको छुट्टाछुट्टै टोलीले शुक्रबार जिल्लाको विभिन्न ठाउँबाट किराना सामान, तयारी कपडा, मदिरा र पेय पदार्थ तथा मोटरसाइकल बरामद गरेको हो।



जिल्लाको सीमावर्ती गाउँहरुहरुबाट भन्सार छली अवैध रुपमा भारतबाट नेपालतर्फ ल्याउँदै गरेका १५ लाख ४८ हजार ८७० रुपैयाँ बराबरका सामान बरामद गरिएको उनले बताए। बरामद गरिएका सामानहरु आवश्यक प्रकृया पूरा गरी बुधबार माडर भन्सार कार्यालयमा दाखिला गरिएको जनाइएको छ। पछिल्लो समय सशस्त्र प्रहरी बलले सीमा नाकाबाट हुने अवैध निकासी र चोरी पैठारी विरुद्ध कडा निगरानी र गस्ती गरिरहेको गणले जनाएको छ।

गणका अनुसार सशस्त्र प्रहरीले गत असारको तेस्रो र चौथो साता

-बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।
- सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## सुशासनको अनुभूति कहिले?

सिरहामा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका गुनासा र प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले दिएका निर्देशनले एउटा महत्वपूर्ण सन्देश दिएको छ, सुशासन केवल नीति, कानुन वा भाषणको विषय होइन, नागरिकले दैनिक जीवनमा महसुस गर्ने व्यवहार हो। राज्यका निकायले सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र जवाफदेही बनाउन नसकेसम्म नागरिकले सुशासनको अनुभूति गर्न सक्दैनन्।

सार्वजनिक सुनुवाइमा सहभागीहरूले उठाएका विषयहरू कुनै नयाँ समस्या होइनन्। पूर्व–पश्चिम चार लेन सडक निर्माणमा भइरहेको ढिलाइ, त्यसबाट उत्पन्न धुलो, हिलो र सडक दुर्घटनाको जोखिम, सीमा क्षेत्रबाट भइरहेको लागूऔषध कारोबार, बजार अनुगमनको कमजोरी, ध्वनि प्रदूषण, बैंकको चर्को ब्याज, भारतीय कुखुराको अवैध आयात, परीक्षामा मोबाइलको दुरुपयोग, अन्धविश्वास, अव्यवस्थित यातायात, सार्वजनिक शौचालयको अभाव तथा विद्युत् आपूर्तिको समस्या वर्षौंदेखि दोहोरिँदै आएका विषय हुन्। यी समस्याको समाधानका लागि सम्बन्धित निकायको सक्रियता अपेक्षित भए पनि परिणाम नागरिकले अनुभूति गर्न सकेका छैनन्।

प्रमुख जिल्ला अधिकारी पौडेलले मातहतका कार्यालय प्रमुखलाई जनगुनासो दोहोरिन नदिने गरी काम गर्न निर्देशन दिनु सकारात्मक पक्ष हो। तर निर्देशन मात्रै पर्याप्त हुँदैन। त्यसको प्रभावकारिता कार्यान्वयन, नियमित अनुगमन र नतिजाबाट पुष्टि हुनुपर्छ। सरकारी कार्यालयहरूमा सेवाग्राहीले अझै पनि ढिलासुस्ती, झन्झट र गैरजिम्मेवार व्यवहारको सामना गर्नुपरेको गुनासो सुनिन्छ। यस्तो अवस्थाले राज्यप्रतिको विश्वास कमजोर बनाउँछ।

लागूऔषध नियन्त्रणका विषयमा प्रहरी प्रमुखले प्रहरीको प्रयास मात्र पर्याप्त नहुने र स्थानीय तहको सक्रिय भूमिका आवश्यक रहेको स्वीकार गर्नु यथार्थपरक धारणा हो। लागूऔषधको समस्या केवल कानुनी कारबाहीबाट समाधान हुँदैन। यसका लागि स्थानीय सरकार, विद्यालय, अभिभावक, सामाजिक संस्था र नागरिक समाजबीच समन्वय अपरिहार्य हुन्छ। रोकथाम, जनचेतना र पुनःस्थापनालाई समान प्राथमिकता दिइनुपर्छ।

सार्वजनिक सुनुवाइमा विद्यार्थीले अन्धविश्वास र स्वास्थ्य चेतनाको अभावबारे उठाएको प्रश्न पनि गम्भीर छ। आधुनिक स्वास्थ्य सेवा उपलब्ध हुँदाहुँदै पनि धेरै मानिस उपचारभन्दा धामी–झाँक्रीतर्फ आकर्षित हुनु शिक्षा र जनचेतनाको कमजोरी हो। स्थानीय तह र स्वास्थ्य निकायले यस विषयमा प्रभावकारी अभियान सञ्चालन गर्नु आवश्यक देखिन्छ। व्यापार क्षेत्रका प्रतिनिधिले बैंकको उच्च ब्याजदर, अवैध आयात र बजार व्यवस्थापनका विषय उठाएका छन्। यी समस्याले स्थानीय अर्थतन्त्रलाई प्रत्यक्ष असर पारिरहेका छन्। व्यवसायीलाई संरक्षण गर्ने, निष्पक्ष प्रतिस्पर्धाको वातावरण बनाउने तथा अवैध आयात नियन्त्रण गर्ने दायित्व सम्बन्धित निकायले गम्भीरतापूर्वक लिनुपर्छ।

सबैभन्दा चिन्ताजनक पक्ष भनेको सार्वजनिक सुनुवाइमा स्थानीय तहका प्रमुखहरूको अनुपस्थिति हो। नागरिकसँग प्रत्यक्ष सम्बन्ध राख्ने स्थानीय सरकारका प्रमुख नै यस्ता कार्यक्रममा अनुपस्थित हुनु जवाफदेहिताप्रति उदासीनताको संकेत मान्न सकिन्छ। सार्वजनिक सुनुवाइको उद्देश्य नागरिकका गुनासा सुन्ने, समाधान खोज्ने र विश्वास निर्माण गर्ने हो। त्यसैले जनप्रतिनिधिहरूको अनुपस्थिति लोकतान्त्रिक उत्तरदायित्वसँग मेल खाँदैन।

सार्वजनिक सुनुवाइ केवल औपचारिक कार्यक्रम बनेर सीमित हुनु हुँदैन। कार्यक्रममा उठेका प्रत्येक गुनासोको अभिलेखीकरण, जिम्मेवार निकाय निर्धारण, कार्ययोजना निर्माण र निश्चित समयभित्र प्रगतिको समीक्षा गर्ने व्यवस्था हुनुपर्छ। अन्यथा नागरिकका प्रश्नहरू हरेक वर्ष दोहोरिने र सरकारी प्रतिबद्धता कागजमै सीमित रहने जोखिम रहन्छ। सुशासनको वास्तविक मापन नागरिकको सन्तुष्टिमा हुन्छ। सेवाग्राहीले बिना झन्झट सेवा पाए, सडक सुरक्षित भए, बजार व्यवस्थित भयो, लागूऔषध नियन्त्रणमा आयो, सार्वजनिक निकाय पारदर्शी र उत्तरदायी बने भने मात्रै सुशासनको अनुभूति हुन्छ। त्यसका लागि निर्देशनभन्दा बढी आवश्यक छ—इच्छाशक्ति, समन्वय, जवाफदेहिता र परिणाममुखी कार्यशैली।

सिरहामा उठेका यी आवाजहरू केवल एउटा जिल्लाका समस्या होइनन्, देशभरका धेरै स्थानीय तहको साझा यथार्थ हुन्। अब सम्बन्धित निकायले नागरिकका गुनासोलाई औपचारिक टिप्पणीका रूपमा होइन, सुधारको अवसरका रूपमा लिनुपर्छ। नागरिकले भाषण होइन, व्यवहारमा परिवर्तन खोजिरहेका छन्। त्यही परिवर्तन नै सुशासनको वास्तविक आधार बन्न सक्छ।

# सञ्चार प्रविधिको दुरुपयोगमा पत्रकार कति दोषी ?

**डिजिटल स्पेसमा फैलिने मिथ्या तथा दुराशययुक्त सूचनालाई नियन्त्रण गर्नु आवश्यक छ। यसका लागि राज्य, राजनीतिक दल, सञ्चारमाध्यम, प्रविधि कम्पनी र नागरिक सबैको साझा जिम्मेवारी हुन्छ।**



धर्मेन्द्र झा

समयसँगै भित्रिएको प्रविधिगत विकासले निम्त्याएको/निम्तिएको चुनौतीलाई पन्छाएर अगाडि बढ्न सकिने वर्तमानको अवस्था छैन। प्रविधिगत चुनौतीको कुरा गर्दा सर्वाधिक प्रमुख छ सञ्चारप्रविधि क्षेत्रको चुनौती। प्रविधिगत विकासका आयामलाई प्रत्येक अवस्थामा चुनौती मानिनु हुँदैन, होइन पनि। तर कुनै पनि व्यक्ति वा समूहले आफ्ना निहित स्वार्थलाई सर्वोपरि मानेर अरूलाई नकारात्मक असर पर्ने गरी प्रयोग गर्ने मनसाय राख्छ वा प्रयोग गर्छ भने त्यसले निश्चित रूपमा चुनौती निम्त्याउँछ। यस अवस्थाबाट अर्थात् यस्तो चुनौतीबाट वर्तमान प्रभावित छैन वा हुँदैन भनेर भन्न सकिने अवस्था छैन।

पछिल्ला केही समयमा, खासगरी मुगुका युवा गणेश नेपालीले त्रिपुरेश्वरमा रोजेको आत्मदाहको बाटो, त्यसपछिको उनको मृत्यु र नेपालीको मृत्युपछि उत्पन्न अप्रिय अवस्थाका सन्दर्भमा भइरहेको मिडियाको उपयोग (दुरुपयोग ?) लाई उदाहरणका रूपमा लिन सकिन्छ। प्रविधिको सदुपयोगले मानव जीवनलाई सहज र सुविधासम्पन्न बनाउँछ भन्ने अपेक्षा र विश्वास गरिन्छ, तर यो कुरा निश्चय पनि यसको प्रयोगको विधि र नियतमा भर पर्छ। खासमा सञ्चारमाध्यमले आमसर्वसाधारणलाई सत्य–तथ्य पस्किन्छन् भन्ने मान्यता राखिन्छ तर जब यही मिडियाले पस्केका विषयवस्तु (कन्टेन्ट)ले भ्रम सिर्जना गर्छ र आमव्यक्तिलाई सही सूचना प्राप्त गर्नबाट वञ्चित गर्छ भने मिडियाकर्मका बारेमा गम्भीरतापूर्वक सोच्नु जरूरी हुन्छ।

गणेश नेपाली मृत्यु प्रकरणमा सञ्चारमाध्यम जसरी विभाजित भएर पक्ष र विपक्षमा बाँडिएका छन्, उदेकलाग्दो छ। एकथरी जसरी पनि सरकारलाई जिम्मेवार बनाउन चाहन्छन्, मानौं सरकारलाई गलाउने तिनले एक उपयुक्त अस्त्र प्राप्त गरेका छन्। यो पक्षले पुराना सामग्रीलाई पनि नयाँ जस्तै बनाएर पस्किने प्रयत्न गरेका छन् भने अर्को पक्ष जसरी भए पनि सरकारको बचाउ गर्नुपर्छ भन्ने मनस्थितिमा छ। यो पक्षले सरकारको बचाउ गर्दै एक किसिमले गणेशको मृत्युलाई नै स्वाभाविक प्रमाणित गर्ने प्रयत्न गरेर हदैसम्मको घृणित कार्य गर्न खोजेको देखिन्छ।

स्वीकार गर्नैपर्छ, यो वाक्युद्धमा परम्परागत मिडियाभन्दा पनि न्यूमिडिया अर्थात् डिजिटल प्लेटफर्महरू 'उपयोग' भइरहेका छन्। अवस्था कस्तो उत्पन्न भएको छ भने सरकार समर्थितले सम्पादकीय प्रक्रियामा विश्वास गरेर पत्रकारिता गर्ने परम्परावादी मिडिया (अपवाद यहाँ पनि छन्)लाई अस्वीकार गर्ने र असान्दर्भिक मान्ने प्रयत्न गरिरहेका छन् अनि सम्पादकीय प्रक्रियामा खासै सक्रियता नदेखाउने नागरिक पत्रकारिताकेन्द्रित डिजिटल मिडियालाई नै सबैथोक मान्ने प्रयास गरिरहेका छन्। हुन पनि गत फागुनमा सम्पन्न निर्वाचनमा पछिल्लो प्रकारकै मनस्थिति भएकाहरूको प्रभावकारिता बढी भएको मूल्यांकन गरिएको थियो।

निर्वाचनलाई लोकतन्त्र थप मजबुत बनाउने, सामाजिक सद्भाव र वैचारिक सहअस्तित्वलाई गहिरो बनाउने अवसर मानिन्छ। गएको निर्वाचनका सन्दर्भमा सूचनाप्रविधिको विकास एक बलियो चुनौतीका रूपमा उपस्थित भएको स्वीकार गरिएको थियो। निर्वाचनमा परम्परागत प्रचार–प्रसारसँगै डिजिटल प्लेटफर्म र अनलाइन स्पेसको प्रयोग अत्यधिक बढेको थियो। यही बढ्दो डिजिटल प्रयोगसँगै केही गम्भीर चुनौती पनि सतहमा देखिएका थिए। गणेश नेपाली प्रकरणमा पनि त्यस्तै प्रवृत्ति देखिएको छ भनियो भने असंगत हुने छैन।

आम व्यक्तिलाई सही सूचना सम्प्रेषण गर्ने भन्दा पनि निहित स्वार्थका लागि मिडियाको 'प्रयोग' गरेर आम व्यक्तिलाई भ्रमित बनाउने प्रयत्न हुँदैछ। यस कार्यमा सूचनाप्रविधिको प्रयोग गरिँदैछ र डिजिटल स्पेसलाई माध्यम बनाइँदैछ। फेक खबर, डीप फेक भिडियो, घृणा फैलाउने सामग्री अहिले कुनै पनि व्यक्तिको मोबाइलमै आइपुग्न सक्छन्।

विचारणीय छ, विगतको निर्वाचन वा अहिलेको गणेश नेपाली आत्मदाहपछिको मृत्यु प्रकरण त उदाहरण मात्र हुन्, तर खासमा वर्तमानको कुनै पनि सन्दर्भमा आफ्नो मोबाइलसम्म अनपेक्षित, अनिच्छित र अवाञ्छित रूपमा आइपुगेका सूचनालाई पुष्टि गरेर मात्र प्रयोग गर्ने वा नगर्ने अतिरिक्त मानसिक दबाबमा छन् आम व्यक्ति निश्चय पनि अप्रमाणित कुराको आधारमा धारणा बनाउनु उचित हुँदैन। इन्टरनेटमा आधारित माध्यमको प्रयोग गरेर स्वार्थ समूहले फैलाएको 'प्रोपोगण्डा'को उपस्थितिमा आम व्यक्ति दिग्भ्रमित हुनसक्ने अवस्थामा छन् र उनीहरू उचित निर्णय लिने क्रममा अत्यन्तै सकसपूर्ण अवस्थाको सामना गर्न बाध्य छन्।

प्रविधिको प्रयोग नराम्रो होइन तर दुरुपयोग भने नराम्रो हो। यो आलेख तयार गर्ने सन्दर्भमा पनि एआई (कृत्रिम बौद्धिकता)लगायत सूचनाप्रविधि सम्बद्ध संयन्त्रहरूको सहयोग लिने प्रयत्न गरिएको छ। केही प्रश्न सोधेर उत्तर खोज्ने र सही विश्लेषणको प्रयत्न भएको छ। उद्देश्य आम व्यक्तिको हितरक्षा हो। यसलाई नकारात्मक मान्न नसकिएला, तर यही संयन्त्रलाई प्रयोग गरेर कसैले गलत सूचनामा आधारित विश्लेषण प्रस्तुत गरेर सूचनाग्राहीलाई आफ्नो स्वार्थअनुकूल प्रभावित गर्ने उद्देश्य राख्दछ भने निश्चय पनि त्यो गलत हो।

पछिल्ला वर्षहरूमा कुनै पनि विषय र सन्दर्भलाई प्रभावित गर्न सक्ने गरी डिजिटल स्पेसमा मिथ्या सूचना, दुराशययुक्त सूचना र अफवाहहरूको बाढीको अवस्था रहेको यथार्थलाई अस्वीकार गर्न सकिँदैन। कतिपय अवस्थामा झुटा भिडियो, फोटो सम्पादन, एआई मार्फत बनाइएका नक्कली आवाज, भ्रामक तथ्याङ्क आदिको प्रयोग गरी आम व्यक्तिलाई भ्रमित पार्ने प्रयास भइरहेको देखिन्छ। यसले आम व्यक्तिको मनोविज्ञानमा प्रभाव पार्छ, उनीहरूलाई अन्योलमा पार्छ र गलत निर्णय लिन प्रेरित गर्न सक्छ।

गएको निर्वाचनमा 'एल्गोरिदम'को निकै बढी प्रयोग भएको विश्लेषण गरिएको छ। भन्नेले त निर्वाचनका सन्दर्भमा योजनाबद्ध ढंगले नै एल्गोरिदमको प्रयोग भएको थियो पनि भन्छन्, तर प्रमाणित त कसरी गर्न सकिएला खै ? खासमा एल्गोरिदमद्वारा सिर्जित हुने 'इको चेम्बर' डिजिटल प्लेटफर्मको महत्वपूर्ण चुनौती हो। सामाजिक सञ्जालले प्रयोगकर्तालाई उनीहरूले रुचाएका वा पहिले हेरेका वा प्रयोग गरेका जस्तै सामग्री बारम्बार देखाउँछ। यसले व्यक्ति एउटै विचारधारामा सीमित हुने र फरक दृष्टिकोण सुन्न नचाहने अवस्था सिर्जना गर्छ। यस अवस्थामा स्वस्थ बहस र सहिष्णु संवादको संस्कृति कमजोर हुनसक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन।

वर्तमानमा, डिजिटल स्पेस असुरक्षित बन्दै गएको आकलन गरिएको छ। जानकारहरूका अनुसार व्यक्तिगत डाटा चोरी, गोपनीयता उल्लंघन, ट्रोलिङ, साइबर दुर्व्यवहार र घृणात्मक अभिव्यक्ति जस्ता समस्या पछिल्ला समयमा बढेका छन्। यस्तो वातावरणमा आम व्यक्तिले मानसिक दबाब महसुस गर्न सक्छन्। लगातार नकारात्मक सन्देश, उत्तेजक सामग्री र भय पैदा गर्ने सूचनाले तनाव र असुरक्षा बढाउनु स्वाभाविक हो। अहिलेको गणेश नेपालीको मृत्युका सन्दर्भमा पनि यो प्रवृत्ति हाबी हुन खोजेको छ भन्नु असङ्गत हुँदैन। एआई प्रविधि स्वयंमा सकारात्मक सम्भावना बोकेको साधन हो, तर हाल एआईको नकारात्मक प्रयोग बढी हुन थालेको आशङ्का छ। उदाहरणका लागि, एआई मार्फत नक्कली भिडियो वा अडियो बनाएर व्यक्तिको छवि बिगार्ने प्रयास, गलत उद्धरण फैलाउने वा सामाजिक विभाजन बढाउने सामग्री उत्पादन गर्ने जस्ता गतिविधि हुनसक्छन्। निश्चय पनि यसबाट आम व्यक्तिको सही सूचना प्राप्त गर्ने लोकतान्त्रिक अधिकार कुण्ठित हुने अवस्थाको सिर्जना हुन्छ।

लोकतन्त्रको आत्मा भनेको स्वतन्त्र, सूचित र विवेकी नागरिक हुन्। व्यक्ति भ्रमित भए, मानसिक दबाबमा परे वा गलत सूचनाबाट प्रभावित भए भने समाजको दिशा नै बदलिन सक्छ र अवाञ्छितहरूले स्वार्थसिद्ध गर्न सक्ने सम्भावना बढ्छ। त्यसैले डिजिटल स्पेसमा फैलिने मिथ्या तथा दुराशययुक्त सूचनालाई नियन्त्रण गर्नु आवश्यक छ। यसका लागि राज्य, राजनीतिक दल, सञ्चारमाध्यम, प्रविधि कम्पनी र नागरिक सबैको साझा जिम्मेवारी हुन्छ।

पत्रकारितामा पछिल्ला वर्षमा देखिएका फरकपनाबारे बुटवललाई कार्यक्षेत्र मानेर पत्रकारिता गरिरहेका अग्रज पत्रकार डीआर घिमिरे भन्छन सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्म मार्फत 'भाइरल' सामग्री बनाउन सके केही मात्रामा भए पनि आम्दानी गर्न सकिन्छ भन्ने धारणा व्यापक छ। केहीले यसबाट आर्थिक लाभ पनि हासिल गरेका छन्, तर भाइरल हुने प्रतिस्पर्धामा पत्रकारिताका आधारभूत सिद्धान्त, तथ्य परीक्षण, सन्तुलन र सम्पादकीय उत्तरदायित्वलाई उपेक्षा गर्ने प्रवृत्ति भने बढ्दै गएको पाइन्छ।

घिमिरेका अनुसार पत्रकारितामा 'भाइरल' हुनुलाई प्रभावको वास्तविक मापन मान्न सकिँदैन। सबैभन्दा धेरै हेरिने वा पढिने सामग्री नै सबैभन्दा उपयोगी, सत्य वा सामाजिक रूपमा जिम्मेवार हुन्छ भन्न सकिँदैन। प्रायः रिस, डर, आक्रोश, आश्चर्य, करुणा वा घृणा उत्पन्न गर्ने सामग्री नै तीव्र रूपमा भाइरल हुने गर्छन्। दुर्घटनाका भिडियो, राजनीतिक आरोप–प्रत्यारोप, रोदन वा भावुक दृश्य तथा धार्मिक तनाव जस्ता सामग्री धेरै हेरिने र शेयर गरिने प्रवृत्ति छ।

निश्चय पनि आजको पत्रकारिता तीव्र सङ्क्रमणको चरणमा छ भनियो भने असंगत ठहर्दैन। एक समय थियो जब सम्पादक, समाचार कक्ष र संस्थागत मिडियाले सार्वजनिक सूचना प्रवाहको नियन्त्रण गर्थे। त्यतिबेला तथ्य परीक्षण, सम्पादकीय उत्तरदायित्व र नैतिक मापदण्ड पत्रकारिताको आधार मानिन्थ्यो, तर डिजिटल प्रविधि, स्मार्टफोन र सामाजिक सञ्जाल मार्फत गरिने पत्रकारिताका सन्दर्भमा त सूचना उत्पादनको संरचना नै बदलिएको छ भन्दा फरक पर्दैन। आज कुनै ठूलो मिडिया संस्था नभए पनि एक जना व्यक्तिले मोबाइल र इन्टरनेटको

–बाँकी तीन पेजमा

*सञ्चार प्रविधिको ...*

भरमा लाखौं मानिसमाथि प्रभाव जमाउन सक्छ। यस अर्थमा व्यक्ति स्वयम् 'मिडिया' बन्न पुगेको छ।

आजको सन्दर्भमा एउटा बहसमा भने मिडियाकर्मीहरू सहभागी हुनैपर्ने भएको छ, त्यो के भने एउटा पत्रकारको परिचय बनाएकाको सामाजिक सञ्जालमा हुने उपस्थितिलाई कसरी मूल्यांकन गर्ने ? उनी पत्रकार हुन् कि आम व्यक्ति, कि दुवै ? एउटा कुरा त स्वीकार्नैपर्छ, अहिले सामाजिक सञ्जाल मार्फत सतहमा देखिएको वाक्युद्धमा यस्तै दोहोरो परिचयका आधारमा उन्मुक्ति खोज्नेहरूकै उपस्थिति बढी छ।

पत्रकारले आफ्नो व्यक्तिगत सामाजिक सञ्जाल (फेसबुक, एक्स) जस्ता एकाउन्ट प्रयोग गर्दा पत्रकारिताको मर्यादा कायम राख्नुपर्छ कि पर्दैन ? पत्रकारले सेयर गर्ने स्टाटस वा विचारले उसको मिडियाको तटस्थतामा प्रश्न उठ्छ कि उठ्दैन ? केही यस्ता प्रश्न छन् जसको उत्तरको उपस्थितिमा मात्र व्यावसायिक र नागरिक पत्रकार बीचको भेदबारे कुनै स्पष्ट धारणा बनाउन सकिन्छ र अहिलेको वास्तविक दोषी को हो भन्ने किटान गर्न सकिन्छ।

*चार दिनदेखि ...*

कालोपत्रे सडक निर्माण हुने विश्वसनीय आधार नबन्दासम्म सडक अवरुद्ध कायमै रहन्छ। प्रहरी प्रशासनसँग पनि यही माग राखेका छौं।'' यता, लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले स्थानीयको माग सम्बोधन गर्न ग्राभेल हाल्ने काम सुरु गरिएको बताउनुभयो। उहाँका अनुसार वडा नं. ४ हुँदै वडा नं. १ देखि १९ सम्म जाने सडक तथा वडा नं. ७ र १ जोड्ने सडकको पुरानो ठेक्का रद्द गरी नयाँ ठेक्का प्रक्रियामार्फत निर्माण कार्य अघि बढाउने तयारी भइरहेको छ।

उहाँले भन्नुभयो, ''ठेकेदारले तोकिएको समयमै काम सम्पन्न नगर्दा उत्पन्न असन्तुष्टि र विरोधको सामना नगरपालिकाका जनप्रतिनिधिले गर्नुपरेको अवस्था छ। नयाँ ठेक्का प्रक्रियामार्फत निर्माण कार्य अगाडि बढाइनेछ।''

*भन्सार छलीका ...*

जिल्लाका विभिन्न ठाउँबाट करिब २३ लाख ३० हजार रुपैयाँ बढी मूल्यका अवैध सामानहरु बरामद गरी भन्सार दाखिला गरेको थियो।

# मधेस विश्वविद्यालयमा तीन वटा शैक्षिक कार्यक्रम विस्तार

वीरगञ्ज, २ साउन। मधेस विश्वविद्यालयले चालु शैक्षिक सत्रदेखि थप तीन वटा शैक्षिक कार्यक्रम विस्तार गर्न लागेको छ। हाल स्नातकोत्तर तहमा जनप्रशासन (एमपीए), कानुन संकायतर्फ स्नातक (बीए एलएलबी) र जनप्रशासन संकायतर्फ स्नातकमा जनव्यवस्थापन (बीपीएम) कक्षा सञ्चालन गर्दै आएको पर्साको वीरगञ्जस्थित मधेस विश्वविद्यालयले चालु शैक्षिक सत्रमा थप तीन वटा शैक्षिक कार्यक्रम विस्तार गर्न लागेको हो।




मधेस विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवका अनुसार विश्वविद्यालयले चालु शैक्षिक सत्र २०८३ देखि स्नातकोत्तर तहको मास्टर्स अफ बिजनेस एडमिनिस्ट्रसन (एमबीए) तथा स्नातक तहको ब्याचलर अफ ल ( एलएलबी) र ब्याचलर अफ बिजनेस एडमिनिष्ट्रिसन (बीबीए) को पठनपाठन सुरु गर्न लागेको छ। ''तीन वटै सङ्कायको पठनपाठनका लागि पाठ्यक्रम तयार भइसकेको छ'', रजिष्ट्रार यादवले भने, ''यही शैक्षिक सत्रदेखि कक्षा सञ्चालन गर्ने गरी तयारी भएको छ। छिट्टै यसबारे हामीले सूचना प्रकाशन गर्ने छौं।'' विश्वविद्यालयमा सञ्चालित शैक्षिक कार्यक्रमहरूमा विद्यार्थीको आकर्षण बढ्दै गएपछि थप शैक्षिक कार्यक्रम विस्तार गर्न लागिएको उनले बताए।

विसं २०७९ वैशाख १४ गते मधेस प्रदेशसभाद्वारा मधेस विश्वविद्यालय ऐन, २०७९ जारी भई २०७९ भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले पहिलो एक वर्षमा दुई वटा सङ्कायको पठनपाठन सुरु गरेको थियो। विश्वविद्यालयले वीरगञ्जस्थित नेसनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ। अनुसन्धान र प्रशिक्षणको माध्यमबाट शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउन सकिने मान्यताअनुरुप मधेस विश्वविद्यालयलाई प्रदेशमा पहिलो मधेस अनुसन्धान तथा प्रशिक्षण केन्द्रको स्थापना गर्ने लक्ष्य रहेको विश्वविद्यालयका उपकुलपति प्राडा दीपकबहादुर शाक्यले बताए।

''हामीले सञ्चालन गरेको कक्षाहरूमा विद्यार्थीको आकर्षण देखेर उत्साहित भएका छौं'', उपकुलपति प्राडा शाक्यले भने, ''आगामी दिनमा मेडिकल, ल्याब टेक्निसियन, फिजियोथेरापीलगायत चिकित्सा र स्वास्थ्यसम्बन्धी कक्षा पनि सञ्चालन गर्ने लक्ष्य राखेका छौं।'' तत्कालका लागि वीरगञ्जको नारायणी अस्पताल र पोखरियास्थित पोखरिया अस्पताललाई आधार बनाएर चिकित्साशास्त्रमा एमबीबीएस कक्षा सञ्चालन गर्ने योजना बनाएर प्राविधिक टोलीबाट सम्भाव्यता अध्ययन गरिने तयारी भएको उनको भनाइ छ।

मधेस विश्वविद्यालयको उच्च शिक्षालाई अनुसन्धामूलक बनाउने दृष्टिले 'एमफिल पिएचडी'सँगै फार्मेसी र विज्ञान तथा सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक शैक्षिक कार्यक्रम पनि सञ्चालन गर्ने लक्ष्य लिएको उपकुलपति प्राडा शाक्यले जानकारी दिए। मधेस प्रदेशका ग्रामीण क्षेत्रका जनतालाई उच्च शिक्षामा सहज पहुँच विस्तार गर्दै शिक्षालाई श्रम, श्रमलाई सीपसँग र सीपलाई समृद्धिसँग जोड्ने उद्देश्यका साथ दक्ष जनशक्ति उत्पादन गर्नका लागि प्रदेशमा पहिलो 'मधेस सीप स्कुल' स्थापना गर्ने योजना रहेको उनले बताए।

# गुठीको जग्गा निजी संस्थालाई भाडामा दिएपछि जनकपुरधाममा विवाद, स्थानीय आन्दोलित

जनकपुरधाम, २२ साउन। जनकपुरधाम उपमहानगरपालिका-१२ स्थित हनुमाननगरमा रहेको गुठीको जग्गा गुठी संस्थानले निजी संस्थालाई भाडामा दिएपछि स्थानीय बासिन्दा र संस्थानबीच विवाद उत्पन्न भएको छ। सरकारले एकातिर अतिक्रमित गुठी जग्गा फिर्ता ल्याउन ९ सदस्यीय समिति गठन गरी अभियान चलाइरहेको बेला, अर्कोतर्फ संस्थानले नै मोटो रकम लिएर जग्गा लिजमा उपलब्ध गराएको भन्दै विरोध सुरु भएको हो।

गुठी संस्थानले हनुमाननगरमा रहेको कित्ता नम्बर १ को ५ बिघा १० कट्ठा १२ धुर जग्गा 'विदेह ओशो ध्यान केन्द्र' लाई २० वर्षका लागि लिजमा दिएको पाइएको छ। २०८२ जेठ ७ गतेदेखि लागू हुने गरी वार्षिक १० लाख १५ हजार रुपैयाँ भाडा बुझाउने शर्तमा धार्मिक क्रियाकलापका लागि सो जग्गा केन्द्रलाई दिइएको हो। यसअघि उक्त जग्गा स्थानीय हनुमान मन्दिरले उपभोग गर्दै आएको थियो। मन्दिरले स्थानीय गरिब तथा विपन्न परिवारलाई प्रतिव्यक्ति २ कट्ठाका दरले खेतीपातीका लागि जग्गा उपलब्ध गराएको थियो, जसबापत उनीहरूले मन्दिरलाई 'कुत' (भाडा) बुझाउने गर्दथे। अहिले सोही जग्गा अर्कै संस्थालाई दिएपछि स्थानीय बासिन्दा आफ्नो जीविकोपार्जनको माध्यम खोसिएको भन्दै आन्दोलित भएका छन्।

स्थानीय कलावती साहले वर्षौंदेखि आफूहरूले जोतभोग गर्दै आएको सहारा खोसिँदा ठूलो समस्या आइलागेको बताइन्। अर्का स्थानीय प्रितम राउत कुर्मीले अतिक्रमित अवस्थामा रहेको जग्गालाई आफूहरूले नै संरक्षण गरी खेतीयोग्य बनाएको दाबी गरे। 'हामीले खेती गरेर गुजारा चलाउनुका साथै मन्दिरलाई पनि सहयोग गरिरहेका थियौं,' कुर्मीले भने, 'अब हामीलाई बिचल्लीमा पार्न खोजिएको छ, यसका विरुद्ध हामी आन्दोलन गर्न तयार छौं।'

हनुमाननगर हनुमान मन्दिर संरक्षण समितिका महासचिव रोशनकुमार राउतले संस्थानले मन्दिर र स्थानीय कसैलाई पनि जानकारी नदिई जग्गा लिजमा दिएर अन्याय गरेको आरोप लगाए। उनका अनुसार मन्दिरको जीर्ण अवस्था सुधार गर्न र दैनिक भोगरागादिका लागि स्थानीयबाट प्राप्त हुने कुत नै मुख्य स्रोत रहेको थियो। सरकारले एकातिर अतिक्रमण हटाउने भन्ने र अर्कोतिर संरक्षण भइरहेको जग्गा अर्कैलाई सुम्पिएर पुनः अतिक्रमणलाई बढावा दिएको उनको तर्क छ।

यता, विदेह ओशो ध्यान केन्द्रले भने आफूहरूले कानूनी प्रक्रिया पूरा गरेरै जग्गा लिजमा लिएको स्पष्ट पारेको छ। केन्द्रका सचिव स्वामी विवेक सागरले विवाद गर्ने आफ्नो उद्देश्य नभएको र नियमसंगत ढंगले नै जग्गा प्राप्त गरेको दाबी गरे। उनका अनुसार केन्द्रले उक्त स्थानमा अन्तर्राष्ट्रिय स्तरको योग तथा ध्यान केन्द्र निर्माण गर्ने लक्ष्य राखेको छ। साथै, त्यहाँ मिथिलाका विद्वान-विदुषीका प्रतिमा र विभिन्न देवी-देउताका मन्दिरहरू समेत निर्माण गरी पर्यटकीय तथा धार्मिक स्थलका रूपमा विकास गरिने उनको भनाइ छ। मन्दिरलाई जग्गा खाली गर्न पत्र आएपछि मात्र आफूहरूले यसबारे जानकारी पाएको स्थानीयको भनाइ छ। हाल सो जग्गालाई लिएर उत्पन्न विवाद समाधानका लागि जिल्ला प्रशासन कार्यालय धनुषाले पहल गरिरहेको छ।

# जनकपुरका अतिक्रमित पोखरी र डिल सात दिनभित्र खाली गर्न निर्देशन

काठमाडौं, २ साउन। जनकपुर उपमहानगरपालिकाभित्र रहेका राजगुठीअन्तर्गतका विभिन्न पोखरी तथा पोखरीका डिल क्षेत्रमा भएको अतिक्रमण सरकारले सात दिनभित्र हटाउन निर्देशन दिएको छ। गुठीको जग्गा संरक्षण र व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन-२०६२ कार्यान्वयन समितिले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै विशहरा पोखरी, दशरथ तालाउ, अर्गजा सर, रत्न सागर पोखरी, मुरली सर, दीर्घिका सर, गोड्धोई पोखरीलगायतका जलाशय तथा तिनका डिल क्षेत्रमा भएका अनधिकृत संरचना र अतिक्रमण हटाउन निर्देशन दिएको हो।

समितिका अनुसार विभिन्न व्यक्ति तथा संस्थाले गुठीअन्तर्गतका पोखरी र तिनका डिल क्षेत्रमा अनधिकृत रूपमा संरचना निर्माण गरी भोगचलन गर्दै आएको पाइएको छ। सार्वजनिक सम्पत्ति तथा गुठीको जग्गा संरक्षण गर्ने उद्देश्यले अतिक्रमण हटाउन सूचना जारी गरिएको समितिले जनाएको छ।

सूचनामा तोकिएको समयभित्र अतिक्रमण हटाइएको नपाइए प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइने छ। भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विगतका आयोग तथा कार्यदलका प्रतिवेदन कार्यान्वयनलाई तीव्रता दिएको छ यसै क्रममा जनकपुर क्षेत्रका अतिक्रमित गुठी जग्गा, पोखरी तथा सार्वजनिक सम्पत्तिको संरक्षण अगाडि बढाएको मन्त्रालयले जनाएको छ।

# सप्तरी कारागारमा कैदीबन्दी स्थानान्तरण विवाद, सुरक्षा कडा

**धीरेन्द्रप्रसाद साह**

राजविराज, २ साउन। कारागार कार्यालय सप्तरीमा शनिबार बिहान केही कैदीबन्दीलाई स्थानान्तरण गर्ने विषयमा विवाद उत्पन्न भएको छ। विवादका कारण केही समय कारागारभित्र तनावको अवस्था सिर्जना भए पनि अहिले स्थिति सामान्य रहेको प्रहरीले जनाएको छ। कारागारको ब्लक 'बी' मा रहेका पाँच-छ जना कैदीबन्दीलाई अर्को ब्लक वा अन्य कारागारमा स्थानान्तरण गर्ने तयारी भइरहेका बेला केही कैदीबन्दीले विरोध गर्दै होहल्ला गरेका थिए। उनीहरूले शरीरमा मट्टितेल छर्केर आगो लगाउने धम्कीसमेत दिएको बताइएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेका अनुसार घटनापछि कारागार प्रमुख रुपक मण्डलले थप सुरक्षा व्यवस्थाका लागि प्रहरी परिचालन गर्न आग्रह गर्नुभएको थियो। त्यसलगत्तै प्रहरी टोली कारागारमा परिचालन गरी स्थिति नियन्त्रणमा लिइएको उहाँले बताउनुभयो। ''घटनापछि आवश्यक सुरक्षाकर्मी परिचालन गरिएको थियो। अहिले कारागारको अवस्था पूर्ण रूपमा सामान्य छ,'' प्रहरी नायब उपरीक्षक घिमिरेले भन्नुभयो।

यता, कारागारभित्र रहेका कैदीबन्दीका अनुसार ब्लक नायक परिवर्तन गर्नुपर्ने माग उठेपछि विवाद चर्किएको हो। उक्त दाबीबारे भने सम्बन्धित निकायबाट आधिकारिक पुष्टि भएको छैन। घटनापछि कारागारको सुरक्षा व्यवस्था थप कडा बनाइएको प्रहरीले जनाएको छ। घटनाका सम्बन्धमा आवश्यक समन्वय र निगरानी भइरहेको प्रहरी नायब उपरीक्षक घिमिरेले जानकारी दिनुभयो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# मधेशमा मन्त्रालय नौमा झार्दै




**अजय शाह**

महोत्तरी, २ साउन। मधेश प्रदेश सरकारले साउन १५ गतेदेखि मन्त्रालयको संख्या घटाएर नौमा सीमित गर्ने भएको छ। सत्ता साझेदार दलबिच भएको सहमतिअनुसार मन्त्रालय पुनःसंरचना गर्ने तयारीसँगै मन्त्रीहरूको जिम्मेवारीसमेत हेरफेर हुने भएको छ। गठबन्धन दलबिच भएको सहमतिअनुसार नेपाली कांग्रेस र नेकपा (एमाले) ले तीन-तीन वटा तथा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले दुई वटा मन्त्रालय पाउनेछन्। मुख्यमन्त्रीसहित प्रदेश सरकारमा अब कुल नौ मन्त्रालय रहनेछन्। हाल भने तीनवटै दलको भागमा चार-चार मन्त्रालय रहेका छन्।

मुख्यमन्त्री तथा नेपाली कांग्रेस मधेश प्रदेश सभापति कृष्णप्रसाद यादवले मन्त्रालय संख्या घटाउने विषयमा सत्ता साझेदार दलबिच निरन्तर छलफल भइरहेको बताउनुभयो। मन्त्रालयको संख्या घटेपछि मन्त्रीहरूमा हेरफेर हुनु स्वाभाविक भए पनि यससम्बन्धी निर्णय पार्टीभित्रको छलफलपछि मात्र हुने उहाँले बताउनुभयो।

उहाँले कांग्रेसका सबै मन्त्री परिवर्तन हुने चर्चा निराधार रहेको स्पष्ट पार्दै आवश्यकताअनुसार मात्र निर्णय गरिने बताउनुभयो। मन्त्रालय संख्या घटेसँगै नेकपा (एमाले) ले पनि आफ्नो भागबाट एक जना मन्त्रीलाई फिर्ता बोलाउने तयारी गरेको छ। एमाले संसदीय दलका नेता सरोजकुमार यादवले मन्त्रालय घटेपछि एक जना मन्त्री हटाउनु अनिवार्य हुने बताउँदै कार्यसम्पादनलाई मुख्य आधार बनाइने जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "मन्त्रालय संख्या घटेपछि एमालेबाट एक जना मन्त्री हट्नैपर्छ। त्यसका लागि कार्यसम्पादनको मूल्यांकन गरिनेछ।" यस्तै, गठबन्धनको सहमतिअनुसार नेकपाको भागमा दुई मन्त्रालय मात्र रहने भएकाले हाल कार्यरत दुई मन्त्री सरकारबाट बाहिरिनुपर्ने अवस्था सिर्जना भएको छ। नेकपा संसदीय दलका नेता तथा अर्थमन्त्री युवराज भट्टराईले गठबन्धन गठनकै क्रममा कांग्रेस र एमालेले तीन-तीन तथा नेकपाले दुई मन्त्रालय पाउने सहमति भएको स्मरण गर्दै अहिले त्यसैको कार्यान्वयन हुन लागेको बताउनुभयो।

उहाँका अनुसार सरकारमा कसलाई निरन्तरता दिने भन्ने विषयमा भने अझै अन्तिम निर्णय भएको छैन। पार्टीका केन्द्रीय संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' स्वदेश फर्किएपछि यस विषयमा थप छलफल हुने उहाँले जानकारी दिनुभयो। यसअघि कांग्रेस र एमालेबिचको सहमति राष्ट्रिय स्तरमै संकटमा पर्दा मधेश प्रदेश सरकारको गठबन्धनसमेत भत्किने जोखिम बढेको थियो। तर सत्ता साझेदार दलका प्रदेशस्तरीय नेताहरूले अन्य प्रदेशमा विकसित राजनीतिक अवस्थाको प्रभाव मधेशमा नपार्न शीर्ष नेतृत्वलाई सुझाव दिएपछि हालको गठबन्धनलाई निरन्तरता दिने सहमति भएको जनाइएको छ।

# बस्ती पसेको गैँडा आरक्ष फर्काइयो

**धीरेन्द्रप्रसाद साह**

राजविराज, २ साउन। सप्तरीको कञ्चनरूप नगरपालिका-८ स्थित बस्तीमा शनिबार बिहान एउटा गैँडा प्रवेश गर्दा स्थानीयवासीमा केही समय त्रास फैलिएको थियो। इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक राजन रायमाझीका अनुसार बिहान करिब ४-५ बजेतिर कोशीटप्पु वन्यजन्तु आरक्षअन्तर्गतको संरक्षित क्षेत्रबाट एउटा गैँडा बस्तीमा प्रवेश गरेको थियो। गैँडा बस्तीमा आएपनि कुनै प्रकारको मानवीय वा भौतिक क्षति नभएको उहाँले बताउनुभयो।

कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालय, कुशहा (सुनसरी) का प्रमुख वरिष्ठ संरक्षण अधिकृत भुपेन्द्रप्रसाद यादवका अनुसार आरक्षअन्तर्गत सप्तरीको कञ्चनपुरस्थित पथरी संरक्षित क्षेत्रमा दुई वटा गैँडा रहेका छन्। तीमध्ये एउटा गैँडा बस्तीतर्फ भागेको भए पनि आरक्षको टोलीले नियन्त्रणमा लिएर पुनः संरक्षित क्षेत्रमा फर्काइसकेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार गैँडाका लागि आरक्षभित्र घेराबारसहित पर्याप्त खानपानको व्यवस्था गरिएको छ। जवान र मस्त अवस्थामा रहेका कारण उक्त गैँडा बेला-बेलामा संरक्षित क्षेत्रबाट बाहिरिने गरेको उहाँले बताउनुभयो।स्थानीय किशोर पासमानका अनुसार शनिबार बिहान गैँडा गाउँहुँदै पूर्व-पश्चिम राजमार्गअन्तर्गत कञ्चनपुर बेरियरसम्म पुगेपछि स्थानीयवासीमा त्रास फैलिएको थियो। गैँडा बस्ती नजिक देखिएपछि सर्वसाधारण आत्तिएर सुरक्षित स्थानतर्फ भागेका थिए। गैँडालाई सुरक्षित रूपमा नियन्त्रणमा लिएर पुनः आरक्षभित्र फर्काइएपछि स्थानीय अवस्था सामान्य बनेको प्रहरीले जनाएको छ।



# मधेस प्रदेशमा ५८ प्रतिशत धान रोपाइँ

जनकपुरधाम, २ साउन। यसवर्ष समयमै वर्षा नहुँदा असारको अन्तिमसम्म मधेस प्रदेशमा करिब ५८ प्रतिशत खेतीयोग्य जग्गामा धान रोपाइँ भएको छ। मधेस प्रदेश कृषि विकास निर्देशनालय नक्टाझिज धनुषाका अनुसार असारसम्ममा मधेस प्रदेशमा कुल क्षेत्रफलको ५७ दशमलव ९३ प्रतिशत हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको हो। त्यसमध्ये सबैभन्दा बढी सिरहामा ८० प्रतिशत क्षेत्रफलमा सबैभन्दा कम महोत्तरीमा ३९ दशमलव ५९ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भएको मधेस प्रदेश कृषि विकास निर्देशनालयका बागवानी विकास अधिकृत किरण विश्वकर्माले जानकारी दिए।

जिल्लागत हिसाबले सप्तरीमा ६८ हजार हेक्टर जग्गमध्ये ३४ हेक्टर, सिरहामा ५४ हजार हेक्टर जग्गामध्ये ४३ हजार २०० हेक्टरमा धान रोपाइँ भएको अधिकृत विश्वकर्माले जानकारी दिए। यस्तै, धनुषामा ४३ हजार ७०० हेक्टर जग्गामध्ये २१ हजार ८५० हेक्टर, महोत्तरीमा ४० हजार हेक्टर जग्गामध्ये १५ हजार ८३८ हेक्टर, सर्लाहीमा ४२ हजार ६९५ हेक्टरमध्ये २५ हजार ६१९ हेक्टर, रौतहटमा ३८ हजार ५०० हेक्टरमध्ये २१ हजार १७५ हेक्टर, बारामा ४५ हजार १०० हेक्टरमध्ये २४ हजार ८०५ हेक्टर र पर्सामा ५३ हजार ९३८ हेक्टरमध्ये ३५ हजार ५९ दशमलव सात हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको विश्वकर्माले बताए।

कृषि प्राविधिकहरूका अनुसार असारभित्र धान रोपाइँ सम्पन्न गर्नसके उत्पादनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ। पर्याप्त चिस्यान भएपछि खेत तयारी, बीउ उखेल्ने र रोपाइँको काम अहिले प्रदेशभरि एकैसाथ भइरहेको छ। यस वर्ष किसानले उन्नत जातका धानका बिउ प्रयोगसँगै रासायनिक तथा प्राङ्गारिक मलको उचित व्यवस्थापनमा पनि ध्यान दिएका छन्। यद्यपि केही स्थानमा मलको उपलब्धता र सिँचाइ पूर्वाधार अझै चुनौतीका रूपमा रहेको सप्तरीको बोदेबर्साइका किसान अजयकुमार यादव बताउछन्।

# मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका ४३ विद्यार्थी दीक्षित

**गोविन्द महतो**

जनकपुरधाम, २ साउन। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको पहिलो दीक्षान्त समारोहमा ४३ विद्यार्थी दीक्षित भएका छन्। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको पहिलो दीक्षान्त समारोहबाट ब्याचलर इन नर्सिङ साइन्स (बीएनएस) प्रथम ब्याचका १३, दोस्रो ब्याचका १२ र तेस्रो ब्याचका १५ गरी ४० जना विद्यार्थी दीक्षित भएका छन्। यस्तै, एमडी/एमएस कार्यक्रममा १, ब्याचलर इन पब्लिक हेल्थ ( बीपीएच) कार्यक्रममा १ र अन्य कार्यक्रमबाट एक जना गरी कुल ४३ जना विद्यार्थी दीक्षित भएको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा. विनोद कुमार यादवले जानकारी दिए।



दीक्षान्त समारोहलाई सम्बोधन गर्दै प्रतिष्ठानका कुलपति कृष्णप्रसाद यादवले मानव जीवनको अभिन्न अंगको रूपमा रहेको शिक्षा र स्वास्थ्यको सवालमा कुनै सम्झौता हुन नदिने बताए। उनले गुणस्तरीय स्वास्थ्य सेवा विस्तारका लागि दक्ष चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मी उत्पादन आवश्यक रहेको बताए। मधेशका मुख्यमन्त्री समेत रहेका यादवले स्वास्थ्य शिक्षालाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको दाबी गर्दै दक्ष जनशक्ति उत्पादन मार्फत प्रदेशको स्वास्थ्य प्रणालीलाई थप सुदृढ बनाउने लक्ष्यका साथ सरकार अघि बढिरहेको बताए। मुख्यमन्त्री यादवले सीमित स्रोत-साधन र विभिन्न चुनौतीका बीच प्रतिष्ठानले पहिलो दीक्षान्त समारोह आयोजना गर्न सफल हुनु प्रदेश सरकारका लागि गौरवको विषय भएको बताए।

उनले भने, 'प्रतिष्ठान मधेशको गौरव हो। यसलाई सुविधा सम्पन्न र गुणस्तरीय शैक्षिक संस्थाका रुपमा विकास गर्न प्रदेश सरकारले आवश्यक सहयोगमा कुनै कमी हुन दिने छैन्।' प्रतिष्ठानलाई शिक्षण, अनुसन्धान तथा नवप्रवर्तनको उत्कृष्ट केन्द्रका रुपमा विकास गर्न आगामी दिनमा नयाँ योजना र कार्यक्रम सञ्चालन गरिने छ। प्रतिष्ठानका उपकुलपति डा. अंकुर साहले शिक्षण, अनुसन्धान र स्वास्थ्य सेवामार्फत राष्ट्रलाई दक्ष स्वास्थ्य जनशक्ति उपलब्ध गराउने उद्देश्यका साथ प्रतिष्ठान अघि बढिरहेको बताए। विभिन्न चुनौतीका बाबजुद पहिलो दीक्षान्त समारोह आयोजना गर्न सफल हुनु संस्थाका लागि ऐतिहासिक उपलब्धि भएको बताए। दीक्षित विद्यार्थीलाई समाज, राष्ट्र र मानव सेवाप्रति समर्पित भएर पेशागत जिम्मेवारी निर्वाह गर्न आग्रह समेत गरे।

# सर्लाहीमा चार क्विन्टल गाँजा बरामद, दुई जना पक्राउ

**जनार्जन खत्री**

सर्लाही, २ साउन। सर्लाही प्रहरीले शनिबार ठुलो परिमाणमा लागुऔषध गाँजा बरामद गरेको छ। जिल्लाको दक्षिणी भेगस्थित कौडेना गाउँपालिका-१, सुखचैना गाउँबाट प्रहरीले चार क्विन्टल १९ केजी ९३ ग्राम गाजा बरामद गरेको हो। व्यापक मात्रामा परिचालन भएको प्रहरीले सुखचैना गाउँका विभिन्न व्यक्तिका घरका ओछ्यानमुनी लुकाइएको तथा करेसा बारीमा पत्करले छोपेर राखिएको अवस्थामा भारी मात्रामा गाँजा बरामद भएको सर्लाही प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ( डिएसपी) वेदप्रसाद गौतमले जानकारी दिनुभयो।

सुखचैना क्षेत्रमा व्यापक मात्रा गाँजा लुकाएर राखिएको सूचना पाएपछि जिल्ला प्रहरी प्रमुख (एसपी) रविन्द्रनाथ पौडेल, डिएसपी गौतमसहितका प्रहरी अधिकारीहरु ठुलो संख्यामा प्रहरी लिएर पुग्नुभएको थियो। प्रहरीले गाजा बरामद भएको घरबाट दुई जनालाई नियन्त्रणमा समेत लिएको छ। पक्राउ पर्नेमा २५ वर्षीय राहुल राउत र ४६ वर्षीय महादेव राउत रहेका छन्। उनीहरुलाई जिल्ला प्रहरी कार्यालय सर्लाही ल्याएर थप अनुसन्धान गरिरहेको डिएसपी गौतमले बताउनुभयो।

प्रहरीले गाँजा तौलन प्रयोग गरिएका डिजिटल नापतौल मेसिन चार थान र सानो तराजु एक थान बरामद गरी जिल्ला प्रहरी कार्यालय सर्लाहीमा ल्याएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)